# रामधुनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

झुम्का,सुनसरी

कोशी प्रदेश,नेपाल

प.सं. २०८३/०८४
च.नं.

मितिः -२०८३/०४/०१
ने.स. ११४६

सूचना ! सूचना !! सूचना !!!

**विषय : सामाजिक सुरक्षा भत्ता नविकरण गर्नका लागि अत्यन्त जरुरी सूचना ।**

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको निर्देशन तथा सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पूर्ण लाभग्राहीहरुले अनिवार्य रुपमा मिति २०८३ साल श्रावण १ गते देखि असोज मसान्त भित्र सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नु पर्ने भएकोले यस रामधुनी नगरपालिका अन्तर्गतका सम्पूर्ण लाभग्राहीहरुमा यो सूचना प्रकाशित गरिएको छ।

साथै, आर्थिक वर्ष २०८३/०८४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि लाभग्राहीहरुले सम्वन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई राष्ट्रिय परिचयपत्र नम्बर जैविक पहिचान (Biometric Device-Finger Print/Iris Device) मार्फत विवरण अद्यावधिक गरी सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने हुन्छ।

नवीकरणका लागि आवश्यक कागजातहरु

- राष्ट्रिय परिचयपत्र नम्वर
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- सामाजिक सुरक्षा भत्ता परिचयपत्र (भत्ता कार्ड)
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्र र संरक्षकको नागरिकता प्रतिलिपी
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्र।
- अपाङ्गता परिचयपत्र र संरक्षकको नागरिकता प्रतिलिपी

**नोटः**

- ५ वर्ष उमेर पूरा नभएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त व्यक्ति र ९० वर्ष माथिका ज्येष्ठ नागरिकका हकमा राष्ट्रय परिचयपत्र नम्बर अनिवार्य हुने छैन।

**बोधार्थ**

- श्री वडा कार्यालय सबै, रामधुनी नगरपालिका

दुर्गेश कुमार विश्वकर्मा
अधिकृत छैटौं

CamScanner